# कोहलपुर नगरपालीका
# नगर कार्यपालीकाको कार्यालय
# ५ न प्रदेश,नेपाल
**बांके कोहलपुर**

## बोलपत्र/दरभाउपत्र आव्हान सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मिति : (०७४/०९/२६)**

यस कार्यालयबाट चालु आ.व. ०७४/०७५ मा यस कार्यालय अन्तर्गत संचालन हुने कौशीलानगर क लाइन प्रहरी बिट देखी तीलक नेपालको घरसम्म बाटो कालोपत्रे निर्माण काम ठेक्काको माध्यमबाट गराउनु पर्ने भएकोले निर्माण व्यवसायी ऐन, २०५५ बमोजिम इजाजतपत्र प्राप्त ईच्छुक निर्माण व्यवसायीहरु बाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको बोलपत्र/दरभाउपत्र आव्हान गरिएको छ।

१. अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व.०७३/०७४ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र निवेदन सहित तोकिएको बोलपत्र/दरभाउपत्र दस्तूर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट ईच्छुक बोलपत्रदाता/दरभाउपत्रदाताले बोलपत्र/दरभाउपत्र सम्बन्धि कागजात खरिद गर्न सकिनेछ। साथै Electronically बोलपत्र/दरभाउपत्र पेश गर्न चाहने बोलपत्रदाता/दरभाउपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट प्रत्येक ठेक्काको लागि अलग अलग वोलपत्र/दरभाउपत्र download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र/दरभाउपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखा वा यस कार्यालयको कृषी बिकास् बैंक, कोहलपुर स्थित राजस्व खाता नं. ०७२०५०१०००२३५२२५ मा जम्मा गरेको भौचरलाई बोलपत्र/दरभाउपत्र कागजात साथ upload गर्नु पर्नेछ।

२. खरिद गरेको बोलपत्र/दरभाउपत्र फाराममहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाता/दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३१ औं दिनमा दिनको १२.०० बजे भित्र यस कार्यालयमा hard copy वा electronically दर्ता गर्न सकिने छ।

३. दर्ता भएका बोलपत्र/दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले ३१ औं दिन दिनको १३.०० बजे कार्यालयका प्रतिनिधी तथा बोलपत्रदाता/दरभाउपत्रदाताहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता/दरभाउपत्रदाताको अनुपस्थिती भएमा पनि बोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४. शिलबन्दी बोलपत्र/दरभाउपत्र फारामसाथ जमानत वापत तोकिएको रकम कृषी बिकास् बैंक, कोहलपुर शाखा स्थित यस कार्यालयको धरौटी खाता नं. ०७२०५०१०००२३५२१७ मा जम्मा गरी सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सक्ने इजाजत प्राप्त बैंकहरुबाट बोलपत्र/दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० औं दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ।

५. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) बमोजिम हुनेछ। बोलपत्र/दरभाउपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ

**बोलपत्र/दरभाउपत्र सम्बन्धि कार्यको विवरण**

| ठे.नं. | कामको विवरण | ल.ई.रकम (भ्याट बाहेक) | बोलपत्र/दरभाउपत्र जमानत रकम | बोलपत्र/दरभाउपत्र दस्तूर | कैफियत |
|---|---|---|---|---|---|
| 3/074/075 | कौशीलानगर क लाइन प्रहरी बिट देखी तीलक नेपालको घरसम्म बाटो कालोपत्रे निर्माण । | 5,525,499.67 | 1,57,000.00 | 3000.00 | |

....................................

**प्रमुख प्रशासकीय** अधिकृत